# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : २१/२०७८-७९

मितिः २०७८/११/१८

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।**
**श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.३.१ को व्यवस्थालाई खारेज गरिएको छ ।**

२. **एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.११.१ को खण्ड (च) लाई देहायबमोजिम संशोधन गरिएको छ :**

क्रेडिट सुविधा अन्तर्गत वा उधारोमा आयात हुने मालसामानको हकमा **समेत वि.वि.नि. फा.नं. ४(ग) जारी गर्नु पर्नेछ र खण्ड (क) बमोजिमको धरौटी लिनु पर्नेछ ।** त्यस्तो आयातको भुक्तानी गर्दा कागजात अनुरूपका मालसामान आयात भई सकेको र पछि भुक्तानी गर्नु पर्ने व्यहोरा प्रमाणित हुने देहायका कागजातहरूको आधारमा ड्राफ्ट/टी.टी.को माध्यमबाट सम्बन्धित निर्यातकर्ताको नाममा भुक्तानी हुने गरी सटही दिन सकिनेछ :
(१) भुक्तानीको शर्त उल्लेख भएको वा उधारो बिक्री गरेको पुष्टि हुने क्रेडिट बिल बीजक,
(२) सामान ढुवानी भएको पुष्टि हुने ढुवानी सम्बन्धी कागजात,
(३) आयात भएको पुष्टि हुने भन्सार प्रज्ञापनपत्र,
(४) राजस्व तिरेको रसिद,
(५) ९० दिनपछि भुक्तानी हुने भएमा सम्बन्धित पक्षले बिल बीजक नं. र रकम समेत उल्लेख गरी भुक्तानी दावि गरेको पत्र,
**(६) भन्सार कार्यालयबाट दरपीठ भएको वि.वि.नि. फा.नं. ४(ग) ।**

यसरी सटही प्रदान गरेपछि प्रज्ञापनपत्र र राजस्व तिरेको रसिद लगायतका सक्कल कागजातहरूमा सटही प्रदान गरेको व्यहोरा दरपीठ गरी बैंक/वित्तीय संस्थाको छाप लगाई सो कागजातका प्रतिलिपिहरू सुरक्षित राख्नु पर्नेछ ।

३. **एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को अनुसूची १० मा उल्लिखित देहायबमोजिमको खण्डहरुलाई देहायबमोजिम संशोधन गरिएको छ :**

विषय :- प्रतीतपत्र, ड्राफ्ट, टी.टी. **वा क्रेडिट अन्तर्गतको** सटही सुविधा (भा.रू.) ।
<u>निवेदनको व्यहोराः</u>
निम्न विवरण बमोजिमको सामानको पैठारीको लागि मेसर्स.................... लाई यस बैंक/वित्तीय संस्थाबाट निम्नानुसारको भा.रू. प्रतीतपत्र, ड्राफ्ट, टी.टी. **संकेत** नम्वर........बाट प्रदान गरिएको/ **क्रेडिट सुविधा अन्तर्गत आयात भएको** व्यहोरा प्रमाणित गरिएको छ ।
<u>तालिकाको अन्तिम कोलमको शीर्षकः</u> सटही लिएको/**क्रेडिट सुविधा अन्तर्गतको** कुल भा.रु. रकम ।

४. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०५/२०७८ को दफा १ को बुँदा (क) लाई देहायबमोजिम संशोधन गरिएको छ :

(क) बैंक तथा वित्तीय संस्थाहरू मार्फत प्रयोजन खुल्ने गरी देहाय बमोजिम प्राप्त भएका विदेशी मुद्राको आधारमा मात्र अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्नु पर्नेछ :

(१) नेपाली निर्यातकर्ताले निश्चित मालसामान निर्यात गर्ने प्रयोजनको लागि विदेशस्थित आयातकर्तासँग भएको सम्झौता/सहमति/खरिद आदेश लगायत खरिद/बिक्री गर्ने व्यहोरा पुष्टि हुने अन्य कागजातको आधारमा प्राप्त हुने विदेशी मुद्रा ।

(२) यस विभागबाट जारी इ.प्रा.परिपत्र १४ को दफा (३) बमोजिम विदेशी मुद्राका डेबिट /क्रेडिट कार्डलगायत अनलाइन भुक्तानी मार्फत प्राप्त हुने विदेशी मुद्रा ।

(३) स्थानीय बिक्रेता, कम्पनी/फर्मले प्रचलित निर्यातको प्रक्रिया अपनाई पर्यटकको आदेश बमोजिम आफैँले विदेशस्थित ठेगानामा पठाउने प्रयोजनको लागि पर्यटकसँग भएको सहमति/सम्झौता वा अन्य कागजातको आधारमा सम्बन्धित पर्यटकको भिसा सहितको राहदानीको प्रतिलिपि र बिक्रेताले जारी गरेको बिल/बिजकको प्रतिलिपिसहित प्राप्त हुने विदेशी मुद्रा ।

यस्तो विदेशी मुद्रा नगदै बुझाउने भएमा प्रति पर्यटक अमेरिकी डलर ५,०००।- (पाँचहजार) वा सो बराबर अन्य विदेशी मुद्रा स्वीकार गर्न सकिनेछ । सोभन्दा बढी रकमको हकमा निज पर्यटक नेपाल प्रवेश गर्दा स्वघोषणा (Declare) गरी ल्याएको प्रमाणको आधारमा मात्र स्वीकार गर्नु पर्नेछ ।

५. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः १७/२०७८ को दफा ३ को शर्त नं. ४ लाई देहायबमोजिम संशोधन गरिएको छ :

गैर-आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा देहायबमोजिमका कुनै एक कागजातको प्रतिलिपि लिनु पर्नेछः

(क) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर-आवासीय नेपालीको अद्यावधिक परिचयपत्र,

(ख) गैर-आवासीय नेपाली संघबाट जारी भएको अद्यावधिक परिचयपत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वेदशी वा विदेशी),

(ग) साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात,

साथै, माथि (क), (ख) वा (ग) उल्लिखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न तथा सञ्चालन गर्न सकिने छ ।

६. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र १७/२०७८ को दफा ३ को शर्त नं. १२ लाई देहायबमोजिम संशोधन गरिएको छ :

संस्थागत विदेशी निक्षेपकर्ता तथा गैर-आवासीय नेपालीहरूबाट न्यूनतम अमेरिकी डलर **एक हजार** वा सो बराबरको (शर्त नं. ६ मा उल्लिखित अन्य मुद्राको समेत) निक्षेप संकलन गर्न सकिनेछ ।

७. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र १७/२०७८ को दफा ४ को शर्त नं. (ग) लाई देहायबमोजिम संशोधन गरिएको छ :

गैर-आवासीय नेपालीको नाममा खाता खोल्दा तथा सञ्चालन गर्दा देहायबमोजिमका कुनै एक कागजातको प्रतिलिपि लिनु पर्नेछः

(अ) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर-आवासीय नेपालीको अद्यावधिक परिचयपत्र,

(आ) गैर-आवासीय नेपाली संघबाट जारी भएको अद्यावधिक परिचयपत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वेदशी वा विदेशी),

(इ) साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात ।
माथि (अ), (आ) वा (इ) मा उल्लिखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न तथा सञ्चालन गर्न सकिने छ ।

गैर-आवासीय नेपालीबाट प्रवर्द्धित विदेशस्थित संस्थाको खाता खोल्दा तथा सञ्चालन गर्दा माथि खण्ड (अ), (आ) वा (इ) मा उल्लिखित कागजातको प्रतिलिपि समेत लिनु पर्नेछ ।

८. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र १७/२०७८ को दफा ४ को शर्त नं. (ङ) लाई देहायबमोजिम संशोधन गरिएको छ :

यस प्रकारको खातामा अमेरिकी डलर **एक हजार** वा सो बराबरको उपर्युक्त परिवर्त्य विदेशी मुद्रा न्यूनतम मौज्दात कायम हुनु पर्नेछ ।

९. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र २४/२०७८ मा देहायबमोजिम दफा १२ थप गरिएको छ :

**विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त कम्पनीहरुले विप्रेषण कारोबारमा लाग्ने सेवा शुल्क लगायत विनिमय दरसम्बन्धी विवरणलाई आ-आफ्नो वेवसाइटमार्फत् प्रकाशन एवम् अद्यावधिक गर्नु पर्नेछ ।**

भवदीय,

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल वित्तीय संस्था संघ ।
१७. श्री नेपाल रेमिटर्स एशोसिएसन ।